विगो नं.-८/१७(०८०/८१)

तेह्रथुम जिल्ला अदालत

लिलाम वढावढको सुचना

वादी जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ६ घर भई हाल ऐ. इटहरी उपमहानगरपालिका वडा नं. ४ हलगडा चोक बस्ने वर्ष ४९ की मिना सिटौला (प्रसाई) प्रतिवादी जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं.8 सिद्धकाली चोक बस्ने वर्ष ४८ को खेमप्रसाद उप्रेती भएको लेनदेन विगो मुद्दामा सुनसरी जिल्ला अदालतको मिति २०७८/१०/२० गतेको फैसला तथा उच्च अदालत विराटनगरबाट मिति २०७९/०७/२३ गते भएको फैसला अनुसार वादीले प्रतिवादीबाट लिखतमा उल्लेखित रु.२८,३४,०००/- (अट्ठाइस लाख चौतिस हजार रुपैयाँ) लेनदेन विगो वापत भराई पाउने गरी फैसला भएकोमा फैसला कार्यान्वयनका लागि सुनसरी जिल्ला अदालतको तहसिल शाखामा लगत प्राप्त भई वादी प्रतिवादीहरु तारेखमा रहेको अवस्थामा प्रतिवादीले यस जिल्ला अन्तर्गतको जग्गाबाट वादीको विगो भराईपाउँ भनि दरखास्त दिएकोले यस अदालतमा लगत प्राप्त भई वादीले भराईपाउने विगो रु.२८,३४,०००/- (अट्ठाइस लाख चौतिस हजार रुपैयाँ) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा प्रतिवादीले देखाएको जायजेथाको जायदात मुचुल्का भई पञ्चकृति मुल्याङ्कन समेत भएर प्रतिवादीको उक्त सम्पती २०८०/१०/०३ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

२०८०।९।४

शाखा अधिकृत

तपशिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८०/१०/०३ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ।बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. डाँक लिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./ न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने जग्गाको तर्फ | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खेम प्रसाद उप्रेती | आठराई पोखरी | ३४१ | ७-०-०-० | सम्पूर्ण जग्गा लिलाम हुने। | सम्पूर्ण जग्गा | पञ्चकृति मुल्याङ्कन बमोजिम | |

सूचना टाँस हुने

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- मालपोत कार्यालय सक्रान्तीबजार
- नापी कार्यालय सक्रान्तीबजार
- आठराई गाउँपालिका वडा नं. ४ को कार्यालय
- साविक आठराई पोखरी गा.वि.स. वडा नं. ३ को कि.न. ३४१ जग्गा
- अदालतको सूचना पाटी

ईती सम्वत २०८० साल पुस ४ गते रोज ४ शुभम........................................

सूचना पाटी